काठेखोला गाउँपालिकाको शैक्षिक योजना निर्माणका लागि

# शैक्षिक कार्यशाला गोष्ठीमा

## हार्दिक स्वागत गर्दछौं ।

**काठेखोला गाउँपालिका**

**बिहुँकोट, बागलुङ**

# सोच (परिकल्पना)

## शिक्षित, सक्षम, समुन्नत, आत्मनिर्भर र समृद्ध काठेखोला गाउँपालिका

# अपेक्षित उपलब्धि

शैक्षिक अवस्थामा सुधार आई भौतिक सुविधा सम्पन्न बालमैत्री, अपाङ्गमैत्री शिक्षण संस्थाहरु हुनेछन् । गुणस्तरीय र प्रविधिमैत्री शिक्षातर्फ अग्रसर भएको हुनेछ ।

# काठेखोला गाउँपालिकाको शैक्षिक क्षेत्रको दृष्टिकोण तथा नीतिहरु

सुचना तथा संचार प्रणालीको प्रयोग ICT, Smart School निर्माणमा जोड

व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड

शिक्षा क्षेत्रलाई आर्थिक र सामाजिक क्षेत्रको रुपान्तरणको संवाहकको रुपमा लिइएको

वाहिरी वातावरण तथा सरसफाई र स्वच्छ खानेपानीको व्यवस्थापन

बालविकास केन्द्रको व्यवस्थापनमा जोड

बालकक्षामा दिवा खाजा व्यवस्थापन

# स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था

- शिक्षा नीति तर्जुमा, कानुन तथा मापदण्ड निर्माण, योजना तर्जुमा अनुगमन, मूल्यांकन र नियमन ।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन व्यवस्थापन तथा नियमन (प्राविधिक शिक्षा समेत)
- गाउँ शिक्षा समिति तथा विव्यस गठन तथा व्यवस्थापन
- नामाकरण, दरवन्दि मिलान, शैक्षिक पूर्वाधार निर्माण, आधारभुत तहको परिक्षा संचालन, अनुगमन र व्यवस्थापन

# स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था

- सिकाई उपलब्धि परिक्षण र व्यवस्थापन
- ट्युसन, कोचिङ सेवाको अनुमती तथा नियमन
- शैक्षिक ज्ञानसिप र प्रविधीको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
- पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- तलिम तथा क्षमता विकास

**२६. गाउँ शिक्षा समितिको सरचना :**

(१) गाउँपालिकामा देहाय वमोजिमको एक गाउँपालिका शिक्षा समिति रहनेछ :-

(क) गाउँ कार्यपालिकाको प्रमुख– अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका महिला तथा दलित सदस्यहरु सहित कार्यपालिकाले मनोनित गरेका ३ जना सदस्यहरु - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट शिक्षा समितिले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

(ङ) सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये कम्तीमा १० बर्ष अध्यापन अनुभव प्राप्त एक महिला पर्ने गरी आधारभूत तह र माध्यमिक तह बाट शिक्षा समितिले मनोनित गरेको दुई जना - सदस्य

(च) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्थामध्येवाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(छ) गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

ज) बिशेष शिक्षा, गुठी , परम्परागत धार्मिक विद्यालय वा प्राविधिक विद्यालयका तर्फबाट शिक्षा समितिले तोकेको १ जना - सदस्य

(झ) शिक्षकको पेशागत महासंघको गाउँपालिका स्तरीय समितिबाट सिफारिस भएको सामुदायिक विद्यालयको शिक्षक १ जना -सदस्य

(ञ) स्थानीय शिक्षा प्रेमी र समाजसेवीहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

(ट) सामुदायिक विद्यालयको वि व्य स अध्यक्ष मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना – सदस्य

ठ) शिक्षा अधिकृत - सदस्य-सचिव

(१) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

(२) शिक्षा समितिको वैठकभत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ ।

(३) वैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपथिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(४) गाउं शिक्षा समितिको पदावधि ३ बर्षको हुनेछ ।

## २७. शिक्षा समितिको काम, कर्तव्य र अधिकारः

ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँपालिकामा स्वस्थ र सुरक्षित शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न, विद्यालयमा जोखिम न्युनिकरण गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ढ) गाउँ कार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(ण) विद्यालयले कायम गर्नुपर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(त) गाउँ क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने,

(थ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने ।

(द) विद्यालय खोल्ने कक्षा थप गर्ने अनुमती र स्थायी स्वीकृतिका लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(ध) विद्यालयहरुको अनुगमन गरी गाउं कार्यपालकिामा पेश गर्ने ।

# गाउँपालिकाको आगामी कार्यदिशा

- प्रविधीको प्रयोग
- भौतिक पूर्वाधार (खानेपानी , शौचालय र मर्मत सुधार
- सघन अनुगमन कार्यक्रम संचालन, नियमित र छड्के
- आवश्यकता अनुसार स्कुल **Merging , Down sizing**
- पूर्व प्राथमिकता कक्षा व्यवस्थापन
- शिक्षक कर्मचारी व्यवस्थापन
- विद्यार्थीको अनुपातमा शिक्षक
- पूर्व प्राथमिक कक्षाको व्यवस्थापन
- शिक्षकको नियमित उपस्थितीमा जोड (**e-attendance**)
- शिक्षक क्षमता बिकास

# धैर्यताको लागि हार्दिक धन्यवाद